बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

प.सं: ०८३/०८४
च.नं: ९५०

मिति: २०८३/०७/१०

विषय : सार्वजनिक सुनुवाई सम्बन्धमा ।

श्री शाखा प्रमुखहरू (सबै)
श्री वडा कार्यालयहरू (सबै)
श्री राष्ट्रसेवक कर्मचारीहरू (सबै)
बर्दघाट नगरपालिका

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८३/०८४ को प्रथम चौमासिकमा यस नगरपालिका र अन्तर्गतका कार्यालयहरूबाट सम्पादित कार्यक्रम, विकास आयोजना तथा कार्यक्रमकहरूको प्रभावकारिता र सेवा प्रवाहको अवस्थाका सम्बन्धमा <u>पहिलो सार्वजनिक सुनुवाई कार्यक्रम</u> तपसिल बमोजिम आयोजना गरिएको हुँदा आ-आफ्नो शाखा र वडा कार्यालयबाट सम्पादन भएका कामहरूको विवरण सहित देहाय बमोजिम उपस्थित हुनु हुन अनुरोध गर्दछु ।

तपशीलः

- मिति : २०८३।०७।२०
- समय : ठीक ११:३० बजे ।
- स्थान : वडा कार्यालय, बर्दघाट-१२

(ऋषिराम भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नोटः

- उठेका जिज्ञासाहरूप्रति सम्बन्धित शाखा प्रमुख नै जवाफदेही हुनु पर्ने भएकोले आ-आफ्नो शाखा/वडाबाट सम्पादन भएका कार्यहरूको प्रगति विवरण बढीमा दुई पेजमा उल्लेख गरी मिति २०८३/०७/१८ गतेसम्म योजना शाखामा अनिवार्य उपलब्ध गराइ दिनु हुन ।

<u>सादर अवगतार्थः</u>

- श्रीमान् नगर प्रमुखज्यू
- श्रीमान् नगर उपप्रमुखज्यू

बोधार्थः

- श्री नगरसभाका सदस्यज्यूहरू (वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्य)
- श्री राजनैतिक दलका प्रमुखज्यूहरू (सबै)
- श्री टोल विकास संस्थाहरू (सबै)
- श्री नगरपालिकासँग योजना तथा कार्यक्रम सम्झौता गर्ने संघ/संस्था र उपभोक्ता समितिका अध्यक्षज्यूहरू (सबै)
- श्री सञ्चारकर्मी एवम् पत्रकारज्यूहरू (सबै)
- श्री आर्थिक प्रशासन शाखा : आवश्यक सहयोग सम्बन्धमा ।
- श्री योजना शाखा : संक्षिप्त प्रतिवेदन तयार पारी पेश गर्ने ।
- श्री वडा कार्यालय, वडा नं १२, - सम्बन्धित संघ/संस्था र सरोकारवालालाई जानकारी गराउनु हुन ।
- श्री सूचना प्रविधि शाखा : वेव पेजमा अपलोड गर्ने र माथि उल्लिखित सरोकारवाला सबैलाई जानकारी गराउने।

कार्यालय फो नं.: +९७७ ०७८ ५८०२९०, ५८०४०७, दमकल: १०१, +९७७७८ ५२०८७४
इमेल:info@bardaghatmun.gov.np, bardaghatmunicipality@gmail.com,वेबसाईट: www.bardaghatmun.gov.np